**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ दिसम्बर २०२४

समयः १४:४० - १४:५० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत ७१ हजार नवनियुक्त कर्मचारीलाई नियुक्ति पत्र वितरण गर्नु हुनेछ ।
२. प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीमा क्रिसमस कार्यक्रममा सहभागी हुनुहुनेछ ।
३. कार्मिक, सार्वजनिक गुनासो र पेनसन राज्यमन्त्री डा जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा सुशासन सम्बन्धी राष्ट्रिय कार्यशालाको उद्धाटन गर्नुहुनेछ ।
४. भारत र कुवेतले सीमापारी आतंकवाद सहित सबै प्रकारका आतंकवादको निन्दा गरेको छ ।
५. तुर्कीको दक्षिण पश्चिमी मुग्ला प्रान्तमा हिज एम्बुलेन्स हेलिकप्टर एक अस्पतालको भवनमा ठोक्किँदा चार जनाको मृत्यु भएको छ ।

**प्रधानमंत्री-रोजगार मेला**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत ७१ हजार नवनियुक्त कर्मचारीलाई नियुक्ति पत्र वितरण गर्नु हुनेछ । सो अवसरमा उहाले उपस्थित जनतालाई पनि सम्बोधन पनिउ गर्नु हुनेछ । देशका ४५ स्थानमा रोजगार मेला आयोजना गरिने हाम्रो संवाददाताले जानकारी दिएका छन् ।

BYTE

************

**प्रधानमन्त्री क्रिसमस**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीमा क्रिसमस कार्यक्रममा सहभागी हुनुहुनेछ । यो कार्यक्रम भारतको क्याथोलिक विशप सम्मेलनले आयोजना गरेको हो । कार्यक्रममा, श्री मोदीले चर्चका कार्डिनलहरू र विशपहरू लगायत ईसाई समुदायका प्रमुख व्यक्तिहरूसँग कुराकानी गर्नु हुनेछ । क्याथोलिक चर्चको मुख्यालयमा आयोजना हुने यस्तो कार्यक्रममा प्रधानमन्त्री पहिलो पटक सहभागी हुन लागेका हुन् ।

************

**भारत-कुवैत साझेदारी**

कुवैतको ऐतिहासिक ज्दुइ दिवसीय सफल यात्रा संपन्न गरेर प्रधानमंत्री नरेन्द्र मोदी हिज स्वदेश फर्किनु भएको छ Iयो भ्रमणका क्रममा हस्ताक्षर गरिएका चार प्रमुख सम्झौताहरू, रक्षा सहयोगदेखि सांस्कृतिक आदानप्रदानसम्म, दुई देशबीचको द्विपक्षीय सम्बन्धको गहिराइलाई प्रतिबिम्बित गर्दछ। बृहत् रक्षा सहयोग समझदारीमा द्विपक्षीय सैन्य सहयोगको ढाँचा तय गरिएको छ। सम्झौतामा तालिम, कर्मचारी आदानप्रदान, संयुक्त सैन्य अभ्यास र रक्षा उद्योग विकासमा सहकार्य समावेश छ। जहा रक्षा उपकरण आपूर्ति र संयुक्त अनुसन्धान पहलहरूको लागि पनि प्रावधान छ, जसले दुई देशहरू बीचको सैन्य सम्बन्धलाई महत्त्वपूर्ण रूपमा विस्तार गर्नेछ। 2025 देखि 2029 को दृष्टिकोण संग सांस्कृतिक आदानप्रदान कार्यक्रमको उद्देश्य विभिन्न कलात्मक र सांस्कृतिक पहलहरु मार्फत दुई देशहरु बीच जनता-जनता सम्बन्ध सुदृढ गर्न को लागी छ। यसले संगीत, नृत्य, साहित्य र रंगमञ्च लगायतका विभिन्न रचनात्मक विषयहरूमा आदानप्रदान गर्नेछ। साथै सांस्कृतिक सम्पदाको संरक्षण र चाडपर्वको आयोजनालाई प्रोत्साहन गरिनेछ । 2025 देखि 2028 को लागि खेलकुद सहयोगले खेलकुद विकासका विभिन्न पक्षहरूमा ज्ञान र विशेषज्ञता आदानप्रदानलाई बढावा दिनेछ। सम्झौताले खेलकुद चिकित्सा, व्यवस्थापन, मिडिया र खेलकुद विज्ञानलाई समेट्छ। यसले दुई देशबीच एथलेटिक सहयोगको लागि मार्ग प्रशस्त गर्नेछ। अन्तर्राष्ट्रिय सौर्य गठबन्धनमा सामेल हुने कुवेतको निर्णय वातावरणीय सहयोग तर्फको सबैभन्दा उल्लेखनीय र महत्त्वपूर्ण कदम हो। कुवेतको यो संगठनमा सामेल हुनाले दुवै देशमा सौर्य उर्जा विस्तारमा वृद्धि हुनेछ । यसले

नवीकरणीय ऊर्जाको बढ्दो प्रयोग र कार्बन उत्सर्जन घटाउने लक्ष्यका चुनौतीहरूलाई सम्बोधन गर्न दुवै देशको प्रयासमा एकता ल्याउनेछ।

*************

## जितेन्द्र-सुशासन

कार्मिक, सार्वजनिक गुनासो र पेनसन राज्यमन्त्री डा जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा सुशासन सम्बन्धी राष्ट्रिय कार्यशालाको उद्घाटन गर्नुहुनेछ । यस कार्यशालामा सबै मन्त्रालय र विभागका कर्मचारी सहभागी हुनेछन् । डा सिंहले स्वच्छता अभियानको चौथो चरणमा विभिन्न मन्त्रालय र विभागहरूले अपनाएका उपायहरूको प्रदर्शनीको उद्घाटन गर्दै मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्ने कार्यक्रम छ । प्रशासनिक सुधार तथा जनगुनासो विभागले आयोजना गरेको सुशासन सम्बन्धी यो चौथो राष्ट्रिय कार्यशाला हो । यो कार्यशाला प्रत्येक वर्ष १९ देखि २५ दिसम्बरसम्म मनाइने सुशासन सप्ताह अन्तर्गत आयोजना गरिएको हो । चौथो सुशासन सप्ताहको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सन्देशमा राष्ट्रको प्रगतिका लागि सुशासन महत्त्वपूर्ण भएको बताउनु भएको छ । उहाले पारदर्शी, दक्ष र जवाफदेही प्रशासन प्रदान गर्ने सशक्त माध्यम भएकाले जनताको हित सुनिश्चित हुने बताउनु भयो ।

*************

## भारत-कुवैत-आतंकवाद

भारत र कुवेतले सीमापारी आतंकवाद सहित सबै प्रकारका आतंकवादको निन्दा गरेको छ । दुवै देशले आतंकवादको सुरक्षित आश्रयस्थल र आर्थिक सहयोग गर्ने सञ्जाललाई ध्वस्त पर्ने आह्वान गरेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीको कुवेत भ्रमणका क्रममा आतंकवादविरुद्ध लड्ने उपाय, साइबर सुरक्षा र कट्टरपन्थी रोकथाममा सहयोग अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो । विदेश मन्त्रालयले जारी गरेको संयुक्त विज्ञप्ति अनुसार दुवै देशले आतंकवाद नियन्त्रण गर्ने प्रयासमा सहयोग बढाउन सहमत भएका छन् । दुवै देशले कानून प्रवर्तन, सम्पत्ति शुद्धीकरण र लागुऔषध तथा अन्य अन्तर्राष्ट्रिय अपराध नियन्त्रणमा सहकार्य गर्न सहमत भएका छन् । भारतले कुवेतलाई सांघाई सहयोग संगठनको नयाँ सदस्यको रूपमा स्वागत गरेको छ र संयुक्त राष्ट्र संघ र अन्य बहुपक्षीय फोरमहरूमा दुई देशबीचको उत्कृष्ट समन्वयको प्रशंसा गरेको छ।

*************

## किसान दिवस

आज राष्ट्रिय किसान दिवस मनाइँदै छ । यो दिन राष्ट्रको प्रगतिमा किसानको योगदानलाई सम्मान गर्ने अवसर हो। किसान दिवसले खाद्य सुरक्षा सुनिश्चित गर्न, ग्रामीण अर्थतन्त्र बलियो बनाउन र देशको कृषि सम्पदाको संरक्षणमा किसानहरूको महत्वपूर्ण भूमिकाको सम्झना गर्दछ। सरकारले किसानको भूमिकालाई महत्व दिँदै उनीहरुको सामाजिक–आर्थिक उत्थानका लागि धेरै पहल गरेको छ । यसमा प्रधान मंत्री किसान सम्मान निधि, प्रधान मंत्री फसल बीमा योजना र प्रधान मंत्री किसान मान-धन योजना समावेश छ। यी योजनाहरू अन्तर्गत किसानहरूलाई आर्थिक सुरक्षा, जोखिम न्यूनीकरणका उपायहरू र दीर्घकालीन सामाजिक सुरक्षा प्रदान गरिन्छ। यस वर्ष देशमा ३३ करोड २२ लाख टन खाद्यान्न उत्पादन भएको छ । गत वर्ष ३२ करोड ९७ लाख टन थियो ।

*************

## प्रत्यक्ष विदेशी निवेश

दिसम्बर महिनामा विदेशी लगानीकर्ताले हालसम्म भारतीय पुँजी बजारमा २६ हजार करोडभन्दा बढी लगानी गरेका छन् । तथ्यांक अनुसार भारतीय शेयर बजारमा २१ हजार ७ सय ७९ करोड रुपियाँ र ऋण बजारमा ४ हजार ६ सय ४६ करोड रुपियाँ लगानी गरिएको छ । यसरी दिसम्बरमा हालसम्म भारतीय पुँजी बजारमा कुल २६ हजार ४ सय ३५ करोड रुपियाँ विदेशी लगानी आएको छ । पछिल्लो केही महिना यता वैदेशिक लगानीको प्रवाह उच्च रहेको छ । नोभेम्बर महिनामा विदेशी लगानीकर्ताले सेयर बजारबाट २१ हजार ६ सय १२ करोड रुपियाँ अनि अक्टोबरमा ९४ हजार १७ करोड रुपियाँ निकासी गरेका थिए । जहाँ सेप्टेम्बर महिनामा वैदेशिक लगानी आप्रवाह नौ महिनाकै उच्च विन्दुमा ५७ हजार ७ सय २४ करोड रुपियाँ रहेको थियो । यस वर्ष हालसम्म विदेशी लगानीकर्ताले सेयर बजारमा ६ हजार ७ सय ७० करोड र ऋण बजारमा एक लाख ११ हजार ७ सय ४ करोड रुपियाँ लगानी गरेका छन् । यसरी सन् २०२४ मा भारतीय पुँजी बजारमा कुल विदेशी लगानी लगभग एक लाख २० हजार करोड रुपियाँ रहेको छ ।

************

**वर्ष समापन श्रृंखला - खेल**

आकाशवाणी समाचार आफ्नो विशेष वर्ष-समापन श्रृंखलामा वर्ष २०२४ को झलकहरु प्रस्तुत गरिरहेको छ। आज हामी केन्द्रीय खेलकुद मन्त्रालयका उपलब्धिहरू हेर्नेछौं। हाम्रो संवाददाताले भारतीय खेलकुदको दृष्टिकोणले सन् २०२४ निकै सफल भएको बताएका छन् । भारतीय खेलाडीले विश्वव्यापी मञ्चमा उत्कृष्ट प्रदर्शन गरेका छन्। पेरिस प्यारा ओलम्पिक खेलहरूमा कीर्तिमानी प्रदर्शनदेखि चेसमा ऐतिहासिक जितसम्म, भारतले धेरै खेलकुदहरूमा आफ्नो बलियो प्रतिभा र क्षमता प्रदर्शन गरेको छ।

************

**उड़ान यात्री क्याफे**

नागरिक उड्डयन मन्त्रालयले विमानस्थलमा खाद्यान्न र पानीजस्ता आधारभूत अत्यावश्यक वस्तुहरू सुपथ दरमा उपलब्ध गराउन इन-फ्लाइट क्याफेहरू सञ्चालनमा ल्याउने घोषणा गरेको छ। यो अनौठो पहल कोलकता एयरपोर्टमा सुरु गरिएको छ। एक पटक सफल भएपछि, भारतीय एयरपोर्ट प्राधिकरणले यसलाई देशभरका अन्य विमानस्थलहरूमा सुरू गर्ने भएको छ। कोलकताको नेताजी सुभाष चन्द्र बोस अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो उडान यात्रु क्याफेको सुरुवातसँगै हवाई यात्रुहरूले पानीका बोतल, चिया, कफी र खाजा जस्ता अत्यावश्यक वस्तुहरू सस्तो दरमा प्राप्त गर्न सक्नेछन्।

************

**तुर्कि-हेलिकप्टर दुर्घटना**

तुर्कीको दक्षिण पश्चिमी मुग्ला प्रान्तमा हिज एम्बुलेन्स हेलिकप्टर एक अस्पतालको भवनमा ठोक्किँदा चार जनाको मृत्यु भएको छ। स्वास्थ्य मन्त्रालय अनुसार मुग्ला ट्रेनिङ एण्ड रिसर्च अस्पतालबाट उडेको हेलिकप्टरमा दुई पाइलट, एक डाक्टर र एक जना स्वास्थ्यकर्मी सवार थिए। क्षेत्रका गभर्नर अनुसार हेलिकप्टर अस्पताल भवनको चौथो तल्लामा ठोक्किएर जमिनमा खसेको थियो। दुर्घटनाको कारणबारे जाच भइरहेको छ।

************

**इजरायली हवाई हमला**

गत दुई दिनदेखि गाजा पट्टीमा इजरायली हवाई आक्रमणमा परी कम्तीमा ३२ फिलिस्तानीको मृत्यु भएको छ भने ५४ जना घाइते भएका छन्। इजरायल र हमासबीच युद्धविरामका लागि अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूबीच जारी वार्ताका क्रममा आक्रमणहरू भएको हो। युद्ध रोक्न कतार, इजिप्ट र अमेरिकाको मध्यस्थतामा गत साता दोहामा दुई पक्षबीच अप्रत्यक्ष वार्ता भएको थियो।

************

**क्रिकेट - च्याम्पियन्स ट्रफी**

सुरक्षा कारण देखाउँदै भारतले पाकिस्तानमा खेल्न अस्वीकार गरेपछि पाकिस्तान क्रिकेट बोर्डले आईसीसी च्याम्पियन्स ट्रफीमा भारतको म्याचका लागि संयुक्त अरब इमिरेट्सलाई नामित गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले १९ दिसम्बरमा भारतका सम्भावित सेमिफाइनल र फाइनल सहितका सबै खेलहरू संयुक्त होस्टिङ मोडलमा वैकल्पिक स्थानमा खेलाइने पुष्टि गरेको थियो। पाकिस्तान क्रिकेट बोर्डले युएईमा कुनै निश्चित स्थान नबताएको भए पनि खेल दुबईले आयोजना गर्ने अपेक्षा गरिएको छ। दुई देशबीचका खेलहरू मध्यवर्ती स्थानहरू र आईसीसी कार्यक्रमहरूमा सीमित छन्।

************